# केन्द्रिय विषय बस्तुः



# प्रेम की स्वार्थपना?



अप्रिल १३,२०२४को
निम्ति अध्याय २

“"नडराऊ, किनकि म तिमीसित छु। निरुत्साहित नहो, किनकि म तिम्रा परमेश्वर हुँ। म तिमीलाई बलियो पार्नेछु। म तिमीलाई सहायता गर्नेछु। मेरो धार्मिकताको दाहिने हातले म तिमीलाई समाल्नेछु।" यशैया ४१:१०।





ई.सन ७०मा इस्राएल वा यहूदी राष्ट्रको अन्त भएको घोषणा गरिएको थियो। रोमी साम्राज्यले यरुशलेम र मन्दिरलाई ध्वस्त पारेको थियो। त्यसमा अरू शक्तिहरू पनि सम्मलित भएका थिए।

येशू मसीह भनेर इस्राएली वा यहूदीहरूले अस्वीकार गर्न तिनीहरूलाई सैतानले नै उक्साएको थियो। त्यस राष्ट्र वा यहूदी जातिलाई नाश गर्ने अधिकार उसमा भएको उसले दावी गरेको थियो।

परमेश्वरलाई अस्वीकार गर्ने वा उहाँलाई त्याग्ने यहूदी जाति नाश हुने उहाँले बारम्बार चेतावनी दिनुभएको थियो। यहूदी जाति मात्र होइन सम्पूर्ण मानव जात जसले परमेश्वरबाट अलग बसेर दुष्टको बाटोमा हिँड्छ तिनीहरूको पनि नाश हुने घोषणा परमेश्वरले गर्नुभएको थियो। अहिले त्यो समय आएको त छैन किनकि उहाँले चर्चद्वारा ती मानिसहरूलाई तयार पारिरहनुभएको छ जसले संसारका सामु परमेश्वरको प्रेमको सन्देशको र सत्यको चिराख बोक्दछन्। त्यस सन्देशद्वारा संसार प्रज्वलित हुने लक्ष्य भइरहेको छ।





- यरुसलेमको नाशबाट पाठहरू:
  - परमेश्वरको प्रेमलाई त्याग्नु
  - आफ्ना जनहरूप्रति परमेश्वरको चासो.
- पहिला इसाईहरूबाट पाठहरू:
  - विश्वास वा निष्ठामा अडिग हुँदै अघि बढ्नु।
  - आवश्यकमा परेकाहरूको सेवा.
  - प्रेम, हाम्रो पहिचानको चिन्ह

# यरुशलेमको बिनाशबाट सिक्नुपर्ने पाठहरू

# परमेश्वरको प्रेमको अस्वीकार

"ए यरूशलेम, ए यरूशलेम, तँ जसले अगमवक्ताहरूलाई मार्ने र तँकहाँ पठाइएकाहरूलाई ढुङ्गाले हान्ने! जसरी कुखुरीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ, त्यसरी नै मैले धेरै पल्ट तेरा बालकहरूलाई बटुल्ने इच्छा गरें, तर तैंले मानिनस्।" मत्ती २३:३७।



जब यरुशलेमको नजिक येशू आउनुभएको थियो तब उहाँ रुनुभएको थियो। लूका १९:४१-४४। परमेश्वरको प्यारो आह्वानलाई हठी भएर अस्वीकार गर्नेहरूको गति कष्टकर हुनेछ भनेर उहाँलाई थाहा थियो। मत्ती २३:३७।

त्यो वियोग पन्छिन सक्थ्यो तर नपन्छिने भएकोले उहाँ रुनु भएको थियो। परमेश्वरले हामीलाई अति प्रेम गर्नुभएकोले नै कोही मानिस पनि अनन्त जीवन नपाएर मरून् भन्ने उहाँको चाहना हो। यूहन्ना ५:३९-४०, इजकिएल १८:३१-३२।

रोमी साम्राज्यको दमनले गर्दा यहूदीहरू रोमको विरुद्धमा गएका थिए भनेर इतिहासले बताउँदछ। विभिन्न यहूदीहरूका मतहरूको बीचमा बिभाजन भएर आपसी झगडा तिनीहरू परेका थिए। त्यसबेला रोमले सहरलाई पूरै कब्जा गरेको थियो। जब सन् ७०को अन्त्य भयो तब सेनापति टिटसले यरुशलेम र मन्दिरलाई ध्वस्त पारे। त्यस समय दश लाख यहूदीहरू मारिएका थिए।.



यरुशलेमको नाश सैतानको सिधै काम थियो। जब इस्राएलीहरू जीवनको स्रोतबाट अलग भए तब तिनीहरू शत्रुको हातमा परे जसले नाश र मृत्यु मात्र खोजेको थियो।

# आफ्ना जनहरूप्रति परमेश्वरको चासो

""त्यसकारण तिमीहरू नडराऊ; तिमीहरू निराश नहोऊ किनभने म तिमीहरूका परमेश्वर हुँ। तिमीहरूलाई म बल दिनेछु र सहयोग गर्नेछु। मेरा धार्मिकताको दाहिने हातले तिमीहरूलाई सम्माल्नेछु।" यशैया ४१:१०।

परमेश्वरले प्रेम गर्नुभएकोले नै उहाँले यरुशलेममा रहेको प्रत्येक जनलाई विनाशबाट भाग्न अवसर दिनुभएको थियो। यरुशलेम शत्रुहरूका सैनिकले घेर्नेछन् भन्ने चिन्ह उहाँले दिनुभएको थियो। लूका २१:२०।




त्यो चिन्ह गायस सेस्टस गालसले सन् ६६मा पूरा गरेका थिए। यरुशलेमको कब्जा केही समयको निम्ति रोकेको थियो। जेलट अगुवा एलियाजार बेन साइमनले रोमीहरूको पिछा गरेका थिए र हराएका थिए।


येशूको वचनलाई विश्वास गर्ने सबै जनाले त्यो समयको फाइदा उठाए। त्यसबेला शत्रुहरू नभएको बेलामा मानिसहरू भाग्ने मौका थियो।

केही महिना पछि रोमका सम्रात निरोले भेसपासियनलाई यहूदीहरूको विद्रोहलाई साम्य पार्न पठाए। सन् ६७देखि ७० सम्म यरुशलेमलाई कब्जा गरिएको थियो।

परमेश्वरले उहाँका जनहरूलाई रक्षा गर्न चाहनुहुन्छ र सक्नु पनि हुन्छ। जुनसुकै कठिन समयमा पनि उहाँले उहाँका भक्तहरूलाई सुरक्षा दिनुहुन्छ। भजन ४६:१; यशैया ४१:१०। तर परमेश्वरलाई विश्वासघात गरेकोले धेरै मानिसहरूले ज्यान गुमाएका थिए। हिब्रू ११:३५-३८।

कसैलाई किन सुरक्षा दिइयो र अरूहरूलाई परमेश्वरले किन त्याग्नुभयो?






“दुष्ट मानिसहरूद्वारा धर्मीहरूलाई सताउन किन परमेश्वरले अनुमति दिनुहुन्छ भन्ने धारणा रहस्यमय छ। परमेश्वरमाथिको आस्था र निष्ठामा कमजोर हुनेहरूमा यो विषयले धेरै सताइरहेको हुन्छ। संसारका भ्रष्ट र दुष्टहरूभन्दा पनि दुष्टहरूको उन्नति वा फलिफाप भएको देखेर कतिले त परमेश्वरमाथिको विश्वास पनि त्यागछ्न्। अत्यन्त असल , धर्मी र स्वच्छ मानिसहरू निष्ठुर शक्तिलाई आतङ्कित गरेको र यातना गरेको पढ्दा वा सुन्दा विश्वासमा कमजोर भएकाहरू हतोत्साह भइरहेका हुन्छन्। अपार शक्ति भएको, न्यायी र दयालु परमेश्वरले मानिसहरूका बीचमा भइरहेका अन्याय, अत्याचार र दमन गर्न अनुमति किन दिइरहनुहुन्छ? वास्तवमा यो प्रश्नप्रति हामी चिन्तित हुन आवश्यक छैन। आफ्नो प्रेमको बारेमा परमेश्वरले पर्याप्त प्रमाण दिनुभएको छ। परमेश्वरको भलाइप्रति हामी शङ्का गर्नुहुन्न। परमेश्वरका कतिपय क्रियाकलापहरू हामीले नबुझेको कारणले उहाँलाई शङ्का गर्नु उचित छैन।"

एलेन जी. ह्वाइट, *द ग्रेट कन्ट्रोभर्सी*, पृ. ४७।

# प्रारम्भिक इसाईहरूबाट सिक्नुपर्ने पाठहरू

# सतावटमा पनि परमेश्वरमा निष्ठावान


"तर सावलले चर्चलाई नाश गर्न खोजे। उनी घर घरमा गएर इसाईहरूलाई पक्रिन थाले। उनले पुरुष र स्त्रीहरूलाई कठालोमा समातेर झ्यालखानमा हुट्याइ दिन थाले।" प्रेरित ८:३।



जब येशूको बारेमा सुरुमा सुमाचार सुनाइयो तब साँच्चिक्कै आशाले भरिएको थियो। हजारौं मानिसहरू इसाई भएका थिए (प्रेरित २:४१; ४:४)। विश्वासीहरू शक्ति सम्पन्न भएर प्रचार गरेका थिए (प्रेरित [illegible])।







तर सैतान बेचैन छ। पहिला उसले धम्की दिन्छ (प्रेरित ४:१७-१८); अनि कष्ट र यातना दिन्छ (प्रेरित ५:४०); अनि मार्दछ (प्रेरित ७:५९)।


सावलले सताएको कारणले चेलाहरू तितरबितर हुन्छ (प्रेरित ८:१)। तर परमेश्वरको आत्मज्ञानको ज्योति निभ्नुको सट्टा त्यसबेलाका सबै संसारामा सुसमाचारको ज्योति उज्ज्वल भएर चम्किएको थियो (प्रेरित ८:४;११:१९:२१; रोमी १५:१९; कलस्सी १:२३)।

चर्चलाई मुक्तिको सुसमाचार सुनाउन आदेश दिँदै शक्ति येशूले सम्पन्न गर्नुभएको थियो। कुनै पनि भौतिक र आत्मिक शक्तिले सुसमाचारको प्रगतिलाई रोक्न सकेको थिएन (मत्ती १६:१८)। "यदि परमेश्वर हाम्रो साथमा हुनुहुन्छ भने हाम्रो विरुद्धमा को उठ्न सक्छ र?" (रोमी ८:३१)।




# जो आवश्यकता छ त्यसलाई सहायता

"तिनीहरूले आफ्ना सम्पत्ति र मालसामान बेचिकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँडे।" प्रेरित २:४५।








सुरुका इसाईहरूमा सुसमाचारको प्रभाव कस्तो थियो (प्रेरित २:४२-४७)?

- तिनीहरूले येशूका शिक्षामा विश्वास गर्दथे
- निको पार्ने वरदान भएकाहरूले बिरामीलाई निको पार्दथे.
- तिनीहरूमा भएका थोकहरू साझा थिए
- आश्यकतामा परेकाहरूलाई तिनीहरूले बाँड्दथे
- सार्वजनिक स्थानहरूमा प्रचार गर्थे
- तिनीहरूले घरहरूमा सङ्गति गर्दथे। तिनीहरूले प्रभुभोज मनाउँथे
- तिनीहरूले घरहरूमा सङ्गति गर्दथे। तिनीहरूले प्रभुभोज मनाउँथे
- तिनीहरूले परमेश्वरको स्तुति प्रशंसा गर्दथे

येशू ख्रीष्टका  राजदूतहरू भएको हैशियतले तिनीहरूले येशूको अनुसरण गर्दथे। तिनीहरूका वरिपरि रहेका आवश्यकतामा परेकाहरूको सेवा गर्दा पूरै सहरका मानिसहरूले तिनीहरूलाई मन पराउँथे।

त्यसबेलाको जस्तै अहिले पनि इसाईहरूको बिचमा सदभावना र प्रेमलाई चरितार्थ गरेर देखाउनै पर्दछ। तिनीहरूले आफू रहेका समाजप्रति चासो देखाउनु पर्दछ।

# प्रेम, हाम्रो पहिचानको चिन्ह



""यदि तिमीहरूले एक आपसमा प्रेम गऱ्यौं भने प्रत्येक मानिसले थाहा पाउनेछ कि तिमीहरू मेरा चेला वा भक्तहरू हौ।" यूहन्ना १३:३५।

विश्वब्रम्हाण्डमा भइरहेको घनघोर संग्राममा युद्ध गर्ने दुवै पक्षका आआफ्नै चरित्र वा स्वभावहरू छन्: सैतानले घृणा गर्छ र नाश गर्न चाहन्छ; परमेश्वरले प्रेम गर्नुहुन्छ र पुनर्स्थापना गर्नुहुन्छ।

त्यही नमुनाहरूलाई अनुसरण गरेर एक पक्ष वा अर्को पक्ष चलिरहेको हुन्छ। यदि हामीले परमेश्वरको पछि लाग्छौं भने एक आपसमा प्रेम गरेर देखाउँछौं (१ यूहन्ना ४:२०-२१)।

दोस्रो र तेस्रो शताब्दीका इसाईहरूमा भएको निस्वार्थी प्रेमलाई व्यवहारमा उतारेका थिए। सन १६० र २६५को महामारीहरूमा तिनीहरूले बिरामीहरूलाई स्याहारेका थिए। तिनीहरू आफ्नै रक्षाको निम्ति पनि सजग थिए।

तिनीहरूले जे गरे प्रेमको उत्पादन थियो। लाखौं मानिसहरूले फाइदा पाएका थिए। तर तिनीहरू आफ्ना भाउहरू खोजेनन् वा अरूहरूले तिनीहरूप्रति आकर्षित होऊन् भनेर तिनीहरूले काम गरेनन्। तर तिनीहरूले तिनीहरूका निम्ति जीवन दिने तिनीहरूका मुक्तिदाता येशूतिर औंल्याउँथे।

“परमेश्वरको अनुग्रहको सम्पत्तिलाई अरूहरूलाई बाँड्न प्रत्येक येशूभक्त जीवित माध्यम हुन अवसर दिइएको छ। येशू ख्रीष्टमा अथाह धनराशी छ। उहाँको मिजास र चरित्रलाई उहाँका अनुयायीहरूले प्रतिनिधित्व गरून् भन्ने उहाँको चाहना त्यो भन्दा अरू छैन। मुक्तिदाताको प्रेमलाई मानव समाजमा प्रकट गर्नुपर्ने यस संसारको अरू आवश्यकताहरूभन्दा अरू छैन। मानव माध्यमले पवित्र तेल पोखाएर सबै मानिसका हृदयमा आनन्द र आशिष ल्याउन् भनेर सारा स्वर्ग नै पर्खिरहेको छ।"

एलेन जी. ह्वाइट, *गड्स अमेजिङ्ग ग्रेस-अन सर्चेबेल रिचेस्*, जुन २८।